# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०५।१८ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

नवलपरासी जिल्ला अन्तर्गत पाल्हिनन्दन गाउँपालिका वडा नं. ३ स्थित श्री सिद्धार्थ माध्यमिक विद्यालय कुशुम्हाका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष केदार गिरी र सोही विद्यालयका प्रधानाध्यापक लेखनाथ उपाध्यायले शिक्षकको सरुवा सहमति तथा रमाना गरी दिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिई गएको टोलीले निजहरू अध्यक्ष केदार गिरी र प्रधानाध्यापक लेखनाथ उपाध्यायले सेवाग्राहीबाट घुस/रिसवत वापतको रकम रू.६५,०००।– (अक्षरुपी पैसट्ठी हजार) लिइसकेको अवस्थामा रंगेहात नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको क्रममा सिद्धार्थ मा.वि.कुशुम्हाका प्रधानाध्यापक लेखनाथ उपाध्याय र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष केदार गिरीले एक आपसमा मिलेमतो गरी सेवाग्राहीको नियमानुसार सरूवा भइसकेपछि पनि रमानापत्र उपलब्ध नगराई सरूवा सहमति र रमानापत्रको लागि भनी बार्गेनिङ गरी आफ्नो जिम्मेवारी र पदीय दायित्व समेतको ख्याल नगरी बदनियतपूर्वक सेवाग्राहीलाई घुस/रिसवत दिन बाध्य पारी सोवापत रू.६५,०००।– (अक्षरुपी पैसट्ठी हजार) लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको देखिंदा निजहरूलाई विगो रू.६५,०००।– (अक्षरुपी पैसट्ठी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**